## प्रेस-विज्ञप्ति

बहुसांस्कृतिक राष्ट्र नेपालको आधारभुत पहिचान यहाको मौलिक तथा विविधतायुक्त संस्कृति हो । भाषा, साहित्य, कला, संस्कृतिको विकास देशको समग्र विकासको पहिचान हो । यस क्षेत्रको विकासका लागी नेपाली भाषा,साहित्य, कला, संस्कृति क्षेत्रमा अनवरत रुपमा क्रियाशिल विभिन्न स्रष्टाहरुको भूमिका महत्वपूर्ण रहदै आएको छ। स्रष्टाहरुले यस क्षेत्रमा पु-याएको योगदानको उचित मूल्याङ्कन गरि वहाहरुको कदर एवं सम्मान गर्नु राज्यको दायित्व हो । यस विषयलाई हृदयङ्गम गरि मन्त्रालयले विक्रम सम्वत २०५१ साल देखि **राष्ट्रिय तथा क्षेत्रीय प्रतिभा पुरस्कार** को स्थापना गरि स्रष्टाहरुलाई सम्मान एवं कदर गर्दै आएकोमा यस वर्ष देखि जनही एक लाखको राष्ट्रिय प्रतिभा पुरस्कारको साथै सातवटा प्रदेशलाई समेटी हरेक प्रदेशबाट चारवटा विधागत क्षेत्रका स्रष्टाहरुलाई जनही पचास हजार नगदको प्रादेशिक प्रतिभा पुरस्कारबाट सम्मानित गरिएको छ।

यसै गरि महाकवि लक्ष्मीप्रसाद देवकोटाले नेपाली साहित्य क्षेत्रमा पु-याउनु भएको अतुलनिय योगदानको कदर स्वरुप वि.सं. २०६८ सालमा वहाको नाममा **महाकवि देवकोटा पुरस्कार** स्थापना गरि हरेक वर्ष विभिन्न पांच विधामा रु एक लाख नगद र सम्मानपत्रबाट सर्जकहरुलाई सम्मान गरिदै आइरहेको छ । यस वर्ष समेत उक्त पुरस्कारबाट पुरस्कृत पांच जना विषयगत श्रष्टाहरुलाई पुरस्कार समर्पण गरिएको छ ।

यसै गरि समाज सुधार , सामाजिक न्याय ,समता तथा दलित मुक्ति आन्दोलनमा अविस्मरणीय योगदान पु-याउनु भएका भगत सर्वजितको कदर स्वरुप नेपाल सरकारले वि.सं. २०७३ साल देखि **भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार** स्थापना गरेको छ। उक्त पुरस्कारको निरन्तरताको लागि तीनवटा विषयगत विधामा रु एक लाख नगद राशीका साथै सम्मानपत्रबाट तीनजना स्रष्टाहरुलाई यस वर्ष पनि पुरस्कार समर्पण गरिएको छ ।

यसै गरि बरिष्ठ साहित्यकार गोपालप्रसाद रिमालले नेपाली साहित्यको श्रीबृद्धिमा पु-याउनु भएको अतुलनीय योगदानको कदर स्वरुप नेपाल सरकारले यस वर्ष देखि **गोपालप्रसाद रिमाल राष्ट्रिय पुरस्कार** स्थापना गरेको छ । उक्त पुरस्कारको राशी नगद रु एक लाख र सम्मानपत्र रहेको छ । यसै अवसरमा नेपाली भाषा, साहित्य विशेषत कविता र नाटक विधामा विशिष्ट योगदान दिनुहुने दुई जना सर्जकहरुलाई उक्त पुरस्कार समर्पण गरिएको छ ।

आज मिति २०७५।०३।२७ गते सम्माननीय प्रधानमन्त्रीज्यू , माननीय मन्त्रीज्यू , राज्यमन्त्रीज्यू , प्रज्ञा प्रतिष्ठानका कुलपतिज्यूहरु, उपकुलपतिज्यूहरु, सदस्य-सचिवज्यूहरु, नेपाल सरकारका विशिष्ट अधिकारीहरु, विद्धान साहित्यकारहरु, भगत सर्वजित स्मृति प्रतिष्ठानका पदाधिकारीहरु, साहित्य सर्जकहरु, मिडियाकर्मीहरु लगायतको गरिमामय उपस्थीतिमा पुरस्कार समर्पण कार्यक्रम सुसम्पन्न भयो । पुरस्कृत हुनुहुने श्रष्टाहरुको विवरण यसैसाथ संलग्न रहेको छ ।

धन्यवाद ।

घनश्याम उपाध्याय

प्रवक्ता

संस्कित पर्यटन तथा नागरिक उडडयन मन्त्रालय

# राष्ट्रिय तथा प्रादेशिक प्रतिभा पुरस्कार, महाकवि देवकोटा पुरस्कार, भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार र गोपालप्रसाद रिमाल राष्ट्रिय पुरस्कार २०७४ बाट पुरस्कृत हुने स्रष्टाहरुको विवरण

| राष्ट्रिय प्रतिभा पुरस्कार | |
|---|---|
| संस्कृति विधा | प्रा.डा.रन्जना बज्राचार्य, काठमाण्डौ |
| संगित तथा नाट्य विधा | श्री प्रचण्ड मल्ल ,काठमाण्डौ |
| ललितकला विधा | श्री ठाकुर प्रसाद मैनाली, काठमाण्डौ |
| भाषा तथा साहित्य विधा | प्रा.डा.केशव प्रसाद उपाध्याय, काठमाण्डौ |
| **प्रादेशिक प्रतिभा पुरस्कार** | |
| संस्कृति विधा | प्रदेश नं १-प्रा.डा.गोविन्दमान सिंह कार्की ,भोजपुर<br>प्रदेश नं. २-डा. पशुपतिनाथ झा, महोत्तरी<br>प्रदेश नं. ३ श्री उद्धव प्रसाद भट्टराई, काभ्रेपलान्चोक<br>प्रदेश नं. ४ डा. दीनबादुर थापा, बाग्लुङ्<br>प्रदेश नं. ५ श्री प्रतिभा पुन, रुपन्देही<br>प्रदेश नं. ६ श्री रमानन्द आचार्य ,जुम्ला<br>प्रदेश नं. ७ श्री मणिराज जोशी ,कैलाली |
| संगित तथा नाट्य विधा | प्रदेश नं. १ श्री नारायण ओली, झापा<br>प्रदेश नं. २ श्री प्रियंका झा ,धनुषा<br>प्रदेश नं. ३ श्री सुनिता दुलाल, भक्तपुर<br>प्रदेश नं. ४ श्री इतु जोजिजु ,कास्की<br>प्रदेश नं. ५ श्री सरस्वती चौधरी, बर्दिया<br>प्रदेश नं. ६ श्रीखर्कबहादुर बुढा ,सल्यान<br>प्रदेश नं. ७ श्री सुधादेवी चाड ,कैलाली |
| ललितकला विधा | प्रदेश नं. १ श्री गोपालप्रसाद कलाप्रेमी ,मोरङ<br>प्रदेश नं. २ श्री सीतादेवी कर्ण ,धनुषा<br>प्रदेश नं. ३ श्री सौरगंगा दर्शनधारी, काठमाण्डौ<br>प्रदेश नं. ४ श्री सुनिल सिग्देल ,कास्की<br>प्रदेश नं. ५ श्री नरेन्द्रप्रसाद भण्डारी, गुल्मी<br>प्रदेश नं. ६ श्री झिग्मे तामाङ ,मुगु<br>प्रदेश नं. ७ श्री दीपक आउजी ,कैलाली |
| भाषा तथा साहित्य विधा | प्रदेश नं. १ प्रा.डा. भोलानाथ पोखरेल, सुनसरी<br>प्रदेश नं. २ श्री विनित ठाकुर ,धनुषा<br>प्रदेश नं. ३ श्री नरेन्द्रराज पौडेल, सिन्धुपाल्चोक<br>प्रदेश नं. ४ श्री महेश्वर शर्मा ,स्याङ्जा |

| | |
|---|---|
| नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार, काठमाण्डौं | प्रदेश नं. ५ डा. दुवीनन्द ढकाल, गुल्मी<br>प्रदेश नं. ६ श्री बलभद्र भारती ,सुर्खेत<br>प्रदेश नं.७ श्री चन्द्रदेव जोशी ,दार्चुला |
| **महाकवि देवकोटा राष्ट्रिय पुरस्कार** | |
| कविता विधा | श्री कन्चन पुडासैनी ,काठमाण्डौ |
| निवन्ध विधा | श्री तेजराज खतिवडा ,झापा |
| वाल साहित्य | श्री विनय कसजु ,पाल्पा |
| भाषा साहित्य | श्री महेश्वर राय,जलेश्वर |
| आख्यान विधा | श्री अभि सुवेदी ,तेह्रथुम |
| **गोपालप्रसाद रिमाल राष्ट्रिय पुरस्कार** | |
| नाटक विधा | श्री नरेश शाक्य, सुनसरी |
| नाटक विधा | प्रा.डा. मोहन हिमांशु थापा,काठमाण्डौ |
| **भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार** | |
| दलित मुक्ति आन्दोलन क्षेत्र | श्री पदमलाल विश्वकर्मा, इलाम |
| समाज सुधार अभियान क्षेत्र | श्री दलविर विश्वकर्मा ,काठमाण्डौ |
| लेखन तथा अध्ययन अनुसन्धान क्षेत्र | श्री राजेन्द्र कुमार महर्जन, काठमाण्डौ । |